फोन न. ०८७-५२०१५७
इमेल info.hcijumla@supremecourt.gov.np
admin.hcijumla@supremecourt.gov.np

# उच्च अदालत सुर्खेत,
# जुम्ला इजलास

(प्रशासन शाखा)

प.स.०७७।०७८ मिति २०७७।५।१४

## सूचना! सूचना! सूचना!

उपर्युक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय जुम्लाबाट मिति २०७७।४।३२ गते राति १२ बजे देखि अर्को आदेश र व्यवस्था नभएसम्मका लागि औषधी पसल र स्वास्थय सेवा बाहेका सम्पुर्ण क्रियाकलापहरु पूर्ण रुपमा बन्द गर्ने गरी मिति २०७७।४।३२ मा निषेधाज्ञा जारी गरेको तथा मिति २०७७।५।११ मा प्रकाशित जिल्ला प्रशासन कार्यलयको सूचनामा अत्यावश्यक वस्तु तथा सेवा बिक्री वितरण गर्ने जस्तै खाद्यन्न, औषधी पसल, स्वास्थ्य सेवा, बैक तथा वीमा, एम्बुलेन्स सेवा, इन्धन तरकारी, दुध, तथा फलफुल व्यवसाय मात्र विहान ११ बजेदेखि दिउसो २ बजेसम्म खुला गरी मिति २०७७।४।३२ मा जारी निषेधाज्ञालाई निरन्तरता दिने भनिएकोमा उक्त निषेधाज्ञाका कारण अदालतमा सेवाग्राहीको उपस्थितिमा हुनसक्ने असमर्थतालाई मध्यनजर गर्दै निषेधाज्ञा अवधिभर यस अदालतबाट साप्ताहिक पेशी सूचीमा चढेका मुद्दा स्थगन गर्ने निर्णय भएको हुँदा सबैको जानकारीको जाली यो सूचना जारी गरिएको छ।

०७७।५।१४

केशवप्रसाद पौड्याल

नि.रजिष्ट्रार

नि. रजिष्ट्रार

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

जुम्ला

फोन.नं :०८७-५२००१२
फोन.नं :-०८७-५२०११२
फ्याक्स:-०८७-५२०१८०

मिति :२०७७/०५/११

प.सं.
च.नं.

## प्रमुख जिल्ला अधिकारीद्धारा जारी आदेश !

यस जिल्लाका सम्पर्क हुने विन्दुहरू ( Convergent Points) मा रहने व्यक्तिहरूको PCR परीक्षण गर्ने क्रममा चन्दननाथ नगरपालिकाको विभिन्न स्थानबाट Throat Swab संकलन गरी परीक्षण गर्दा समूदाय स्तरसम्म कोरोना संक्रमणको फैलावट हुनसक्ने विषयलाई मध्यनजर गर्दै मिति २०७७/०४/३२ गतेको जिल्ला प्रशासन कार्यालय, जुम्लाको आदेशले चन्दननाथ नगरपालिकाको पूर्वमा दानसाँघु, पश्चिममा उमगाड्, उत्तरमा कर्णाली प्राविधिक शिक्षालय र दक्षिणमा तिला नदीसम्मको चार किल्ला भित्रको क्षेत्र तथा पातारासी गाउँपालिकामा मिति २०७७/०४/२९ मा जारी गरिएको निषेधाज्ञा अर्को निर्णय नभएसम्मका लागि निरन्तरता दिंदै जनस्वास्थ्य तथा सुरक्षाका मापदण्डहरूको परिपालना गर्ने गरी अत्यावश्यक वस्तु तथा सेवा बिक्री वितरण गर्ने व्यवसाय जस्तै-खाद्यान्न, औषधी पसल, स्वास्थ्य सेवा, बैंक तथा वीमा, एम्बुलेन्स सेवा, इन्धन, तरकारी, दुध तथा फलफुल व्यवसाय मात्र गर्न पाउने गरी प्रत्येक दिन दिउँसो ११ बजेदेखि २ बजेसम्म खुल्ला रहने र अन्य व्यवसायको हकमा अर्को आदेश नभएसम्मका लागि बन्द गर्ने तथा उक्त आदेश बमोजिम गरे गराएको नपाईएमा संक्रामक रोग ऐन, २०२०, स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा सबैको जानकारीका लागि सूचित गरिन्छ ।

तपसिलः-

१. अत्यावश्यक वस्तु तथा सेवा बिक्री वितरण गर्ने जस्तै-खाद्यान्न, औषधी पसल, स्वास्थ्य सेवा, बैंक तथा वीमा, एम्बुलेन्स सेवा, इन्धन, तरकारी, दुध तथा फलफुल व्यवसाय प्रत्येक दिन दिउँसो ११ बजेदेखि २ बजेसम्म मात्र खोल्न पाइनेछ।
२. अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयहरूमा सिमित मात्रामा कर्मचारी बोलाई जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना (अनिवार्य मास्क लगाउने, स्यनिटाईजर वा सावुन पानिले हात धुने व्यवस्था मिलाउने र २ मिटर सामाजिक दुरी कायम) गर्ने गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने र अन्य सेवाहरू हाललाई बन्द गर्ने ।
३. अत्यावश्यक सेवाहरू लिन बाहिर डिड्डुल गर्दा अनिवार्य मास्क लगाएर र सामाजिक दुरी समेत पालना गर्नु पर्ने ।
४. तोकिएको समय बाहेक अन्य समयमा अनावश्यक विना काम घर बाहिर हिड्डुल, जमघट र भिडभाड गर्न नपाईने ।
५. निषेधाज्ञाको समयावधिमा कुनैपनि किसिमको धार्मिक कार्यक्रम, चाडपर्व, मेला र भिड भाड हुने गतिविधि संचालन गर्न नपाईने ।
६. विकास निर्माणका क्रियाकलापहरू संचालन गर्दा जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड अनिवार्य रूपमा पालना गरी संचालन गर्ने ।
७. स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी र अन्य कर्मचारीको हकमा अनिवार्य रूपमा परिचय खुल्ने (परिचयपत्र, प्रेस पास) देखिने गरी लगाएर मात्र हिड्डुल गर्न पाईने ।
८. आपतकालिन अवस्थामा रहेका विरामीहरूलाई अस्पतालमा आवागमनको लागि नजिकै रहेको सुरक्षाकर्मीहरू संग समन्वय गरेर मात्र यात्रा गर्ने ।
९. नेपाल सरकार गृह मन्त्रालयको आदेशानुसार अन्तर जिल्ला पास वितरण गर्न नसकिने ।
१०. कोरोना संक्रमणको रोकथाम र नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञाको परिपालनाका लागि सम्पूर्ण जिल्लावासीमा हार्दिक अनुरोध छ ।

०७७/०५/११
भुपेन्द्र थापा
प्रमुख जिल्ला अधिकारी